# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, असोज ३० गते, २०८३ साल (अतिरिक्ताङ्क ५०

# भाग २

## नेपाल सरकार

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट जारी भएको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### संवत् २०८३ सालको अध्यादेश नं. १३

### नेपाल विज्ञान, प्रविधि तथा नवप्रवर्तन प्रज्ञा-प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश

<u>**प्रस्तावना**</u> : विज्ञान, प्रविधि तथा नवप्रवर्तनलाई आर्थिक विकास र सामाजिक रूपान्तरणको माध्यमका रूपमा अङ्गिकार गरी अनुसन्धान,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विकास तथा नवप्रवर्तनको प्रवर्धनका लागि सक्षम तथा अधिकार सम्पन्न राष्ट्रिय निकायका रूपमा नेपाल विज्ञान, प्रविधि तथा नवप्रवर्तन प्रज्ञा-प्रतिष्ठानको स्थापना र सञ्चालन गर्न तत्काल वाञ्छनीय भएको र हाल सङ्घीय संसद्को अधिवेशन नभएकोले,

नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस अध्यादेशको नाम "नेपाल विज्ञान, प्रविधि तथा नवप्रवर्तन प्रज्ञा-प्रतिष्ठान अध्यादेश, २०८३" रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस अध्यादेशमा,-

(क) "अध्यक्ष" भन्नाले दफा १८ बमोजिमको अध्यक्ष सम्झनुपर्छ।

(ख) "आबद्ध युवा" भन्नाले दफा ११ को उपदफा (१) को खण्ड (ङ) बमोजिमको युवा सम्झनुपर्छ।

(ग) "उपाध्यक्ष" भन्नाले दफा २० बमोजिमका उपाध्यक्ष सम्झनुपर्छ।

(घ) "कार्यकारी परिषद्" भन्नाले दफा १५ बमोजिम गठन भएको प्रज्ञा-प्रतिष्ठानको कार्यकारी परिषद् सम्झनुपर्छ।

(ङ) "केन्द्र" भन्नाले दफा २७ बमोजिमको ब्रेन गेन तथा आधारभूत वैज्ञानिक अनुसन्धान केन्द्र र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दफा ३० बमोजिमको व्यावहारिक विज्ञान अनुसन्धान तथा नवप्रवर्तन केन्द्र सम्झनुपर्छ।

(च) "कोष" भन्नाले दफा ३२ बमोजिमको प्रज्ञा-प्रतिष्ठानको कोष सम्झनुपर्छ।

(छ) "तोकिएको" वा "तोकिएबमोजिम" भन्नाले यस अध्यादेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।

(ज) "नवप्रवर्तन" भन्नाले नयाँ वा विद्यमान ज्ञान, सोच, विधि, प्रविधि, उत्पादन, सेवा वा प्रक्रियालाई सुधारिएको रूपमा सृजना, विकास, प्रयोग वा रूपान्तरण गरी आर्थिक, सामाजिक, वातावरणीय वा सार्वजनिक हितका लागि उपयोगी मूल्य वा परिणाम सृजना गर्ने प्रक्रिया वा त्यसबाट प्राप्त उपलब्धि सम्झनुपर्छ।

(झ) "प्रविधि-प्रवीण" भन्नाले दफा ११ को उपदफा (१) को खण्ड (घ) बमोजिमको व्यक्ति सम्झनुपर्छ।

(ञ) "प्रज्ञा-प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको नेपाल विज्ञान, प्रविधि तथा नवप्रवर्तन प्रज्ञा-प्रतिष्ठान सम्झनुपर्छ।

(ट) "प्राज्ञ" भन्नाले दफा ११ को उपदफा (१) बमोजिमको प्राज्ञ सभाका सदस्य सम्झनुपर्छ।

(ठ) "प्राज्ञ सभा" भन्नाले दफा ८ बमोजिमको प्राज्ञ सभा सम्झनुपर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ड) "मन्त्रालय" भन्नाले विज्ञान, प्रविधि तथा नवप्रवर्तनसम्बन्धी विषय हेर्ने नेपाल सरकारको मन्त्रालय सम्झनुपर्छ।

(ढ) "सभापति" भन्नाले प्राज्ञ सभाको सभापति सम्झनुपर्छ।

## परिच्छेद-२

## प्रज्ञा-प्रतिष्ठानको स्थापना तथा काम, कर्तव्य र अधिकार

३. **प्रज्ञा-प्रतिष्ठानको स्थापना** : (१) नेपालमा विज्ञान तथा प्रविधिको विकास, अध्ययन, अनुसन्धान तथा नवप्रवर्तनको क्षेत्रमा काम गर्न नेपाल विज्ञान, प्रविधि तथा नवप्रवर्तन प्रज्ञा-प्रतिष्ठान रहनेछ।

(२) प्रज्ञा-प्रतिष्ठानलाई अङ्ग्रेजीमा "नेपाल एकेडेमी अफ साइन्स, टेक्नोलोजी एण्ड इनोभेसन" र छोटकरीमा "नास्टी" भनिनेछ।

(३) प्रज्ञा-प्रतिष्ठानको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ।

(४) प्रज्ञा-प्रतिष्ठानले प्राज्ञ सभाको स्वीकृतिमा आवश्यकताअनुसार शाखा कार्यालय स्थापना गर्न सक्नेछ।

४. **प्रज्ञा-प्रतिष्ठान स्वशासित संस्था हुने** : (१) प्रज्ञा-प्रतिष्ठान वैज्ञानिक उत्कृष्टताको केन्द्रको रूपमा स्थापित एक अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र सङ्गठित संस्था हुनेछ।

(२) प्रज्ञा-प्रतिष्ठानले कानूनी व्यक्तिको हैसियतले प्रचलित कानूनबमोजिम अधिकारको प्रयोग, कर्तव्यको पालना र दायित्व निर्वाह गर्नेछ।

(३) प्रज्ञा-प्रतिष्ठानले आफ्नो वैज्ञानिक निष्कर्ष, स्वतन्त्र वैज्ञानिक राय, प्रतिवेदन र अन्य प्राज्ञिक क्रियाकलापको सम्पादन,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रकाशन र सार्वजनिकीकरण गर्दा पूर्ण प्राज्ञिक स्वायत्तता उपभोग गर्नेछ र यसमा कुनै पनि निकायले हस्तक्षेप गर्न पाउनेछैन।

५. **प्रज्ञा-प्रतिष्ठानको काम, कर्तव्य र अधिकार** : प्रज्ञा-प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) वैज्ञानिक अन्वेषण, अनुसन्धान, परीक्षण, प्रयोग र नवप्रवर्तन सम्बन्धी कार्यमा राष्ट्रिय आधिकारिक वैज्ञानिक निकायको रूपमा काम गर्ने,

(ख) विज्ञान, प्रविधि तथा नवप्रवर्तनका क्षेत्रमा आधारभूत वैज्ञानिक अन्वेषण तथा अनुसन्धान गर्ने, गराउने र सो ज्ञानलाई उपयुक्त प्रविधि विकासमा उपयोग गर्ने,

(ग) स्वदेशी, परम्परागत, स्थानीय तथा सीपमा आधारित ज्ञान, सीप, प्रविधि तथा पद्धतिको अन्वेषण, अनुसन्धान, संरक्षण, विकास, आवश्यक आधुनिकीकरण, अनुकूलन तथा प्रवर्धन गर्ने,

(घ) विज्ञान, प्रविधि तथा नवप्रवर्तनका क्षेत्रमा अनुसन्धान, प्रविधि विकास तथा नवप्रवर्तनको लागि उद्योग तथा व्यावसायिक संस्थासँग सहकार्य गर्ने,

(ङ) विज्ञान, प्रविधि तथा नवप्रवर्तनसँग सम्बन्धित क्रियाकलापबाट सृजित नवप्रवर्तनको प्रचलित कानूनबमोजिम



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लाभको बाँडफाँड गरी व्यावसायिकरण गर्ने,

(च) राष्ट्रिय प्राथमिकताका क्षेत्र, राष्ट्रिय सुरक्षा र सार्वजनिक हितका लागि सरोकारवालाको समन्वयमा रणनीतिक तथा कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टेलिजेन्स) लगायत फ्रन्टियर प्रविधिको अनुसन्धान र विकास गर्ने,

(छ) विज्ञान, प्रविधि तथा नवप्रवर्तनका क्षेत्रमा प्रतिभाशाली वैज्ञानिक, अनुसन्धानकर्ता तथा नवप्रवर्तकको पहिचान, क्षमता विकास तथा प्रोत्साहन गर्ने र छात्रवृत्ति, विद्वतवृत्ति तथा अन्य अवसर उपलब्ध गराउने,

(ज) सृजनशील विचार, आविष्कार तथा नवीन प्रविधिको विकास, परीक्षण, प्रदर्शन, विस्तार तथा व्यवसायीकरणलाई प्रवर्धन गर्न स्थानीयस्तर (ग्रासरुट) मा नवप्रवर्तन, प्रविधि अनुकूलन र अनुसन्धान तथा विकासका काम गर्ने,

(झ) विज्ञान, प्रविधि तथा नवप्रवर्तनसम्बन्धी विषयमा अध्ययन, अनुसन्धान तथा प्रमाणमा आधारित वैज्ञानिक र नीतिगत परामर्श गर्ने तथा राष्ट्रिय प्रविधि



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पूर्वदृष्टि, ब्लुप्रिन्ट, विज्ञान श्वेतपत्र तथा अन्य नीतिगत दस्तावेज तयारी तथा प्रकाशन गर्न मन्त्रालयलाई पृष्ठपोषण दिने,

(ञ) विपद्, महामारी, वातावरणीय चुनौती वा समस्या तथा अन्य आकस्मिक अवस्थामा राज्यलाई वैज्ञानिक सहयोग, समन्वय तथा विशेषज्ञ परामर्श उपलब्ध गराउने,

(ट) विज्ञान, प्रविधि तथा नवप्रवर्तनसम्बन्धी गोष्ठी, अन्तरक्रिया, वैज्ञानिक आदानप्रदान, प्रकाशन तथा विज्ञान लोकप्रियता कार्यक्रम सञ्चालन गर्ने, वैज्ञानिक तथा प्राविधिक उपलब्धिको सम्मान, संरक्षण र अभिलेखीकरण गर्ने,

(ठ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वैज्ञानिक तथा प्राविधिक निकाय, विश्वविद्यालय, अनुसन्धान संस्था, उद्योग तथा अन्य संस्थासँग सहकार्य, साझेदारी, सम्झौता तथा ज्ञान, प्रविधि र अनुसन्धान परियोजनाको विकास तथा सञ्चालन गर्ने,

(ड) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्रोतबाट अनुदान, सहयोग, परियोजना तथा अन्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्रोत प्राप्त गरी प्रचलित कानूनबमोजिम परिचालन गर्ने, गराउने, र

(ढ) नेपाल सरकारले तोकेका र प्रज्ञा-प्रतिष्ठानको उद्देश्यसँग सम्बन्धित विज्ञान, प्रविधि तथा नवप्रवर्तनसम्बन्धी अन्य आवश्यक कार्य गर्ने, गराउने।

## परिच्छेद-३

## सङ्गठनात्मक स्वरूप तथा पदाधिकारी

६. **प्रज्ञा-प्रतिष्ठानको सङ्गठन** : प्रज्ञा-प्रतिष्ठानको सङ्गठनात्मक स्वरूप देहायबमोजिम हुनेछ :-

(क) प्राज्ञ सभा,

(ख) कार्यकारी परिषद्,

(ग) ब्रेन गेन तथा आधारभूत विज्ञान अनुसन्धान केन्द्र,

(घ) व्यावहारिक विज्ञान अनुसन्धान तथा नवप्रवर्तन केन्द्र, र

(ङ) तोकिएका अन्य निकायहरू।

७. **पदाधिकारी** : प्रज्ञा-प्रतिष्ठानमा देहाय बमोजिमका पदाधिकारी रहनेछन् :-

(क) सभापति,

(ख) अध्यक्ष,

(ग) उपाध्यक्ष, र

(घ) तोकिएका अन्य पदाधिकारी।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-४

## प्राज्ञ सभाको गठन तथा सदस्य

८. **प्राज्ञ सभाको गठन** : (१) प्रज्ञा-प्रतिष्ठानको सर्वोच्च निकायको रूपमा एक प्राज्ञ सभा रहनेछ।

(२) प्राज्ञ सभाको गठन देहायबमोजिम हुनेछ :-

(क) मन्त्री, विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय - सभापति

(ख) अध्यक्ष - उपसभापति

(ग) उपाध्यक्ष दुई जना - सदस्य

(घ) विश्वविद्यालयका उप-कुलपति मध्येबाट मन्त्रालयले मनोनयन गरेको तीन जना - सदस्य

(ङ) सचिव, मन्त्रालय - सदस्य

(च) सचिव, अर्थ मन्त्रालय - सदस्य

(छ) दफा ११ बमोजिमका प्राज्ञ सदस्य - सदस्य

(ज) उपाध्यक्ष, विश्वविद्यालय अनुदान आयोग - सदस्य

(झ) कार्यकारी निर्देशक, विज्ञान, प्रविधि तथा



मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नवप्रवर्तन केन्द्र - सदस्य

(ञ) विज्ञान, प्रविधि तथा नवप्रवर्तन परिषद्का विज्ञ सदस्य मध्येबाट मन्त्रालयले मनोनीत गरेको दुई जना - सदस्य

(ट) उद्योग वाणिज्य क्षेत्रका केन्द्रीय सङ्गठनका अध्यक्ष मध्येबाट मन्त्रालयले मनोनयन गरेको दुई जना - सदस्य

(३) उपदफा (२) को खण्ड (घ), (ञ) र (ट) बमोजिम मनोनयन गर्दा समावेशी सिद्धान्तका आधारमा गर्नु पर्नेछ।

(४) सभापतिले तोकेको उपाध्यक्षले प्राज्ञ सभाको सदस्य-सचिवको रूपमा समेत काम गर्नेछ।

९. **प्राज्ञ सभाको बैठक** : (१) प्राज्ञ सभाको बैठक सामान्यतया वर्षको दुई पटक बस्नेछ।

तर आवश्यक परेमा दुई पटकभन्दा बढी पनि बैठक बोलाउन सकिनेछ।

(२) प्राज्ञ सभाको सभापतिले बैठकको अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा उपसभापतिले र सभापति तथा उपसभापति दुवैको अनुपस्थितिमा सभापतिले तोकेको प्राज्ञ सभाको सदस्यले प्राज्ञ सभाको बैठकको अध्यक्षता गर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) प्राज्ञ-सभाको सभापतिले प्राज्ञ सभासँग सम्बन्धित वैज्ञानिक निष्कर्ष, प्राज्ञिक विचार र अनुसन्धानको प्रक्रियाबाहेक अन्य विषयमा निरीक्षण गर्न वा निर्देशन दिन सक्नेछ।

(४) प्राज्ञ सभाको सम्पूर्ण सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

तर गणपूरक सङ्ख्याको अभावमा बैठक स्थगित भई पुनः बोलाइएको बैठकमा प्राज्ञ सभाको सम्पूर्ण सदस्य सङ्ख्याको एक तिहाई सदस्य उपस्थित भएमा गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) प्राज्ञ सभाको अध्यक्षता गर्ने व्यक्ति र प्राज्ञ सभाको सदस्य-सचिवले प्राज्ञ सभाको बैठकको निर्णय प्रमाणित गर्नेछ।

(६) प्राज्ञ सभाको निर्णय उपस्थित सदस्यको बहुमतबाट हुनेछ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) प्राज्ञ सभाको बैठकमा आफ्नो वा आफ्नो नातेदारको हित वा स्वार्थ जोडिएको विषय भए त्यस्तो विषयको छलफल र निर्णय प्रक्रियामा सहभागी हुन पाइनेछैन।

(८) प्राज्ञ सभाको बैठकको अन्य कार्यविधि प्राज्ञ सभा आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

१०. **<u>प्राज्ञ सभाको काम, कर्तव्य र अधिकार</u>** : प्राज्ञ सभाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) प्रज्ञा-प्रतिष्ठानलाई मार्गदर्शन गर्ने,

(ख) प्रज्ञा-प्रतिष्ठानको नीति निर्धारण गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) प्रज्ञा-प्रतिष्ठानको बार्षिक कार्यक्रम र बजेट स्वीकृत गर्ने,

(घ) प्रज्ञा-प्रतिष्ठानको दीर्घकालीन रणनीति तथा योजना स्वीकृत गर्ने,

(ङ) आवश्यकताअनुसार समिति गठन गर्ने,

(च) प्रज्ञा-प्रतिष्ठानमा मनोनित प्राज्ञ सदस्यको अनुमोदन गर्ने,

(छ) निर्देशक र लेखापरीक्षक नियुक्तिको अनुमोदन गर्ने,

(ज) वार्षिक प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदनमाथि छलफल गरी आवश्यक निर्देशन दिने,

(झ) अध्यादेशमा उल्लेख भए बाहेकका प्रज्ञा-प्रतिष्ठानको सङ्गठनात्मक संरचना, शाखा, केन्द्र र अन्य निकायको स्थापना, हेरफेर वा खारेजी स्वीकृत गर्ने,

(ञ) प्राज्ञ तथा प्रविधि प्रवीण सदस्यले पालना गर्नुपर्ने आचरण, नैतिकता सम्बन्धी आचारसंहिता निर्धारण गर्ने,

(ट) नेपाल सरकारले तोकेका अन्य कार्य गर्ने, गराउने, र

(ठ) प्राज्ञ सभाले निर्धारण गरेका अन्य काम गर्ने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

११. **प्राज्ञ सदस्य** : (१) प्राज्ञ सभामा देहाय बमोजिमका सदस्य रहनेछन् :-

(क) प्राज्ञ सदस्य,

(ख) अभिभावकीय प्राज्ञ सदस्य,

(ग) मानार्थ प्राज्ञ सदस्य,

(घ) प्रविधि-प्रवीण सदस्य,

(ङ) आबद्ध युवा सदस्य।

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको प्राज्ञ सदस्य छैंसठ्ठी जना, खण्ड (घ) बमोजिमको प्रविधि-प्रवीण सदस्य पन्ध्र जना र खण्ड (ङ) बमोजिमको आबद्ध युवा सदस्य तीस जना गरी कूल एक सय एघार जना रहनेछन्।

१२. **प्राज्ञ सदस्यको योग्यता** : (१) दफा ११ बमोजिमको प्राज्ञ सभाका सदस्यको योग्यता देहायबमोजिम हुनेछ :-

(क) खण्ड (क) बमोजिमको प्राज्ञ सदस्यको लागि सत्तरी वर्ष ननाघेको, मान्यताप्राप्त विश्वविद्यालयबाट विज्ञान, प्रविधि तथा नवप्रवर्तन विषयमा विद्यावारिधि वा सोसरहको योग्यता र सम्बन्धित क्षेत्रमा कम्तीमा पन्ध्र वर्षको अनुभव हासिल गरी विज्ञान, प्रविधि तथा नवप्रवर्तनको विकासमा उल्लेखनीय योगदान गरेको,

(ख) खण्ड (घ) बमोजिमको प्रविधि-प्रवीण सदस्यको हकमा मान्यताप्राप्त विश्वविद्यालयबाट औपचारिक शिक्षा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्राप्त गरेको वा नगरेको तर परम्परागत ज्ञान र प्रविधिमा संलग्न भई उत्कृष्ट योगदान पुऱ्याएको र अनुभव एवम् दक्षता हासिल गरेको,

तर यस्तो सदस्यको हकमा उमेरको बन्देज लाग्नेछैन।

(ग) खण्ड (ङ) बमोजिमको आबद्ध युवा सदस्यको हकमा चालीस वर्ष ननाघेको, विज्ञान, प्रविधि वा नवप्रवर्तनको क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याएको वा पुऱ्याउने सम्भावना भएको उदीयमान वैज्ञानिक, अनुसन्धानकर्ता, प्राविधिज्ञ,

(घ) विगत दश वर्षदेखि कुनै राजनीतिक दलको सदस्य नभएको वा दलगत राजनीतिक गतिविधिमा संलग्न नरहेको, र

(ङ) अन्य प्रचलित कानूनबमोजिम अयोग्य नभएको।

(२) दफा ११ को उपदफा (१) को खण्ड (क) बमोजिमको प्राज्ञ सदस्य सत्तरी वर्ष उमेर पुगेपछि स्वतः खण्ड (ख) बमोजिमको आजीवन अभिभावकीय प्राज्ञ सदस्यमा रूपान्तर हुनेछ।

(३) विज्ञान, प्रविधि वा नवप्रवर्तनको क्षेत्रमा राष्ट्रिय वा अन्तर्राष्ट्रियस्तरमा ख्याति प्राप्त नेपाली, गैरआवासीय नेपाली वा विदेशी नागरिकलाई प्रज्ञा-प्रतिष्ठानले दफा ११ को उपदफा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(१) को खण्ड (ग) बमोजिम मानार्थ प्राज्ञ सदस्यमा मनोनयन गर्न सक्नेछ।

(४) प्राज्ञ सभाको निर्वाचनमा दफा ११ को उपदफा (१) को खण्ड (क), (घ) र (ङ) बमोजिमका सदस्यलाई मात्र मतदानको अधिकार हुनेछ।

(५) दफा ११ को उपदफा (१) को खण्ड (घ) र (ङ) बमोजिमका सदस्यको कार्यकाल पाँच वर्षको हुनेछ।

१३. **प्राज्ञ सदस्यको मनोनयन** : (१) दफा ११ को उपदफा (१) को खण्ड (क), (घ) र (ङ) बमोजिमका सदस्यको छनौट समकक्षी समीक्षा प्रणालीद्वारा हुनेछ।

(२) उपदफा (१) बमोजिमका सदस्यको छनौटका लागि सभापतिले सम्बन्धित विधाको प्राज्ञ सदस्यको संयोजकत्वमा दफा ११ को उपदफा (१) को खण्ड (क), (घ) र (ङ) बमोजिमका सदस्यको प्रतिनिधित्व हुने गरी पाँच सदस्यीय सिफारिस समिति गठन गर्नेछ।

(३) प्रत्येक प्राज्ञ सदस्यले योग्यता पुगेका कुनै तीन जनाको नाम गोप्य रूपमा छनौट गरी सिफारिस समितिसमक्ष पेस गर्नेछन्।

(४) उपदफा (३) बमोजिम सिफारिस भएका नाममध्येबाट सिफारिस समितिले योग्यता, अनुभव तथा योगदानको आधारमा मूल्याङ्कन गरी अनुमोदनका लागि प्राज्ञ सभासमक्ष पेस गर्नेछ।

(५) सिफारिस समितिका सदस्यले आफ्नो स्वार्थ जोडिएको उम्मेदवारको मूल्याङ्कन र सिफारिसमा भाग लिन पाउनेछैनन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) यस दफा बमोजिमको प्राज्ञ सदस्य छनौटको विधि र मापदण्ड प्राज्ञ सभाले निर्धारण गरेबमोजिम हुनेछ।

१४. **प्राज्ञ सदस्यको काम, कर्तव्य र अधिकार** : प्राज्ञ सदस्यको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) विज्ञान, प्रविधि तथा नवप्रवर्तनका क्षेत्रमा आवश्यक दीर्घकालीन नीति, योजना र कार्यक्रम तर्जुमा गर्न तथा राष्ट्रिय प्राथमिकताका क्षेत्रहरू निर्धारण गर्न प्रज्ञा-प्रतिष्ठानलाई मार्गदर्शन तथा सल्लाह-सुझाव दिने,

(ख) उच्चस्तरीय वैज्ञानिक तथा प्राविधिक अनुसन्धान गर्ने वा त्यस्ता अनुसन्धान कार्यमा सहभागी हुने, नेतृत्व र सुपरीवेक्षण गर्ने,

(ग) प्रज्ञा-प्रतिष्ठानका बैठकमा सहभागी हुने, विचार तथा प्रस्ताव प्रस्तुत गर्ने र निर्णय प्रक्रियामा भाग लिने,

(घ) प्राज्ञिक विषयमा छलफल गर्ने, कार्यपत्र प्रस्तुत गर्ने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलनमा प्रज्ञा-प्रतिष्ठानको प्रतिनिधित्व गर्ने,

(ङ) समाजमा वैज्ञानिक दृष्टिकोण, चिन्तन र चेतना फैलाई वैज्ञानिक संस्कारको अभिवृद्धि गर्न योगदान पुऱ्याउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) वैज्ञानिक लेख, शोधपत्र तथा प्रकाशन प्रकाशित गर्ने र युवा वैज्ञानिक, अनुसन्धानकर्ता र नवप्रवर्तकलाई मार्गदर्शन गर्ने,

(छ) प्रज्ञा-प्रतिष्ठानको वैज्ञानिक खोज, प्रविधि विकास तथा नवप्रवर्तनसम्बन्धी कार्यमा सहयोग गर्ने, गराउने, र

(ज) प्राज्ञ सभाले तोकेका अन्य काम गर्ने।

## परिच्छेद-५

## कार्यकारी परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

**१५. कार्यकारी परिषद्को गठन** : (१) प्रज्ञा-प्रतिष्ठानको रणनीतिक तथा कार्यकारी निकायको रूपमा देहायका पदाधिकारी भएको कार्यकारी परिषद् रहनेछ :-

(क) दफा १८ बमोजिमको अध्यक्ष - अध्यक्ष

(ख) उपाध्यक्ष दुई जना - सदस्य

(ग) प्राज्ञ सभा सदस्य मध्येबाट प्राज्ञ सभाले निर्वाचित गरेको तीन जना - सदस्य

(घ) प्रज्ञा प्रतिष्ठानका निर्देशक मध्येबाट अध्यक्षले तोकेको एक जना - सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) को खण्ड (ग) र (घ) बमोजिमका सदस्यको कार्यकाल पाँच वर्षको हुनेछ।

(३) अध्यक्षले तोकेको उपाध्यक्षले कार्यकारी परिषद्को सचिवको समेत काम गर्नेछ।

१६. **कार्यकारी परिषद्को बैठक** : (१) कार्यकारी परिषद्को बैठक आवश्यकताअनुसार बस्नेछ।

(२) कार्यकारी परिषद्को बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ। निजको अनुपस्थितिमा वरिष्ठतम् उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ।

(३) कार्यकारी परिषद्को बैठकमा कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) कार्यकारी परिषद्को बैठकमा आफ्नो वा आफ्नो नातेदारको हित वा स्वार्थ जोडिएको विषय भए त्यस्तो विषयको छलफल र निर्णय प्रक्रियामा सहभागी हुन पाइनेछैन।

(५) कार्यकारी परिषद्का सदस्यले नेपाल सरकारको अर्थ मन्त्रालयले निर्धारण गरे बमोजिमको बैठक भत्ता तथा यातायात खर्च पाउनेछन्।

१७. **कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार** : (१) कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) प्राज्ञ सभाका निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ख) प्रज्ञा-प्रतिष्ठानको वार्षिक कार्यक्रम, बजेट, प्रगति विवरण, लेखा परीक्षण प्रतिवेदन, अन्य प्रतिवेदन र प्रस्ताव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तयार गरी स्वीकृतिको लागि प्राज्ञ सभामा पेस गर्ने,

(ग) प्राज्ञ सभाबाट समयमै बजेट पारित नभएमा अघिल्लो आर्थिक वर्षको कूल खर्चको एक तिहाइमा नबढ्ने गरी खर्च गर्न स्वीकृत दिने र सोको अनुमोदनका लागि लगत्तै बस्ने प्राज्ञ सभामा पेस गर्नुपर्ने,

(घ) प्रज्ञा-प्रतिष्ठानको चल अचल सम्पत्तिको सञ्चालन, संरक्षण र रेखदेख गर्ने,

(ङ) प्रज्ञा-प्रतिष्ठानको लागि प्रदान गरिएका आर्थिक तथा अन्य सहयोग ग्रहण गर्ने,

(च) प्राज्ञ सभाको स्वीकृति र नेपाल सरकारको सहमतिमा अन्य सरकारी निकाय वा सङ्घसंस्थालाई प्रज्ञा-प्रतिष्ठानको चल अचल सम्पत्तिको हक हस्तान्तरण सम्बन्धी सम्झौता गर्ने,

(छ) प्रज्ञा-प्रतिष्ठानको वित्तीय व्यवस्थापन, लगानी र कोष परिचालन गर्ने,

(ज) प्रज्ञा-प्रतिष्ठानका लागि आवश्यक पर्ने विनियमको मस्यौदा स्वीकृतिका लागि प्राज्ञ सभामा पेस गर्ने र प्राज्ञ सभाबाट स्वीकृत भएपछि लागू गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) प्रज्ञा-प्रतिष्ठानका वैज्ञानिक, नवप्रवर्तक, प्राविधिक, प्रशासनिक कर्मचारीको लागि आवश्यक योग्यता र दरबन्दी तोक्ने र नियुक्ति गर्ने,

(ञ) निर्देशकको नियुक्ति गर्ने, र

(ट) तोकिएबमोजिम अन्य काम गर्ने।

(२) कार्यकारी परिषद्ले आफ्नो काम कारबाही प्रभावकारी रूपमा कार्यान्वयन गर्न आवश्यकताअनुसार समिति गठन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमका समितिको काम, कर्तव्य, अधिकार र कार्यविधि कार्यकारी परिषद्ले तोके बमोजिम हुनेछ।

## परिच्छेद-६
## प्रज्ञा-प्रतिष्ठानका पदाधिकारी

**१८. अध्यक्ष** : (१) दफा ११ को उपदफा (१) को खण्ड (क) बमोजिमका प्राज्ञ सदस्य मध्येबाट सोही उपदफाको खण्ड (क), (घ) र (ङ) बमोजिमका सदस्यले निर्वाचन गरेको प्राज्ञ सदस्यलाई मन्त्रालयले प्रज्ञा-प्रतिष्ठानको अध्यक्ष नियुक्त गर्नेछ।

(२) अध्यक्ष प्रज्ञा-प्रतिष्ठानमा पूरा समय काम गर्ने प्रमुख कार्यकारी पदाधिकारी हुनेछ र प्रज्ञा-प्रतिष्ठानको समग्र सञ्चालन, स्रोत सङ्कलन तथा परिचालन, अनुगमन र नेतृत्वको जिम्मेवारी निर्वाह गर्नेछ।

(३) अध्यक्षको निर्वाचन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) अध्यक्षको कार्यकाल पाँच वर्षको हुनेछ।

(५) उपदफा (१) बमोजिम पदावधि पूरा गरेको अध्यक्ष थप एक पदावधिको लागि मात्र पुनः नियुक्त हुन सक्नेछ।

(६) अध्यक्षको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरू तोकिएबमोजिम हुनेछ।

१९. **<u>अध्यक्षको काम, कर्तव्य र अधिकार</u> :** (१) प्रज्ञा-प्रतिष्ठानको सबै काम कारबाही उपर अध्यक्षको नियन्त्रण रहनेछ र निजले प्रज्ञा-प्रतिष्ठानको काम कारबाहीमा निर्देशन दिने तथा रेखदेख गर्नेछ।

(२) अध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) प्राज्ञ सभाको निर्णय र निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(ख) सभापतिको अनुपस्थितिमा प्राज्ञ सभाको अध्यक्षता गर्ने,

(ग) प्रज्ञा-प्रतिष्ठानको वार्षिक बजेट र कार्यक्रम कार्यकारी परिषद्मा छलफल गरी स्वीकृतिका लागि प्राज्ञ सभामा पेस गर्ने,

(घ) विपद्, महामारी, राष्ट्रिय सङ्कट वा आपतकालीन अवस्थामा तत्काल बैठक बस्न सम्भव नभएमा अध्यक्षले अनुसन्धान र नवप्रवर्तनको क्षेत्रमा खर्च गर्नेगरी प्रज्ञा-प्रतिष्ठानको वार्षिक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बजेटको अधिकतम पाँच प्रतिशतसम्म आकस्मिक खर्च गरी कार्यकारी परिषद्बाट अनुमोदन गराउने,

(ङ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साझेदारी र सम्झौताको मस्यौदा तयार गरी कार्यकारी परिषद्मा स्वीकृतिका लागि पेस गर्ने र मन्त्रालयको सहमति लिई सम्झौता गर्ने,

(च) प्रज्ञा-प्रतिष्ठानका विभिन्न केन्द्र र अनुसन्धान इकाईको कार्यसम्पादन मूल्याङ्कन गरी प्रतिवेदन कार्यकारी परिषद्समक्ष पेस गर्ने, र

(छ) यो अध्यादेश अन्तर्गत बनेको नियममा कुनै निकाय वा अधिकारीले गर्ने भनी उल्लेख भएका काम बाहेक अन्य काम गर्ने, गराउने र आवश्यकताअनुसार कार्यकारी परिषद्बाट अनुमोदन गराउने।

२०. **उपाध्यक्ष** : (१) प्रज्ञा-प्रतिष्ठान अन्तर्गतका केन्द्रबीच प्रभावकारी समन्वय कायम गर्दै अध्यक्षको प्रत्यक्ष निर्देशनमा कार्यसम्पादन गर्न दुई जना उपाध्यक्ष रहनेछन्।

(२) उपदफा (१) बमोजिमका उपाध्यक्ष नियुक्त गर्न प्राज्ञ सभाले दफा ११ को उपदफा (१) को खण्ड (क) बमोजिमको प्राज्ञ सदस्यको संयोजकत्वमा राष्ट्रिय योजना आयोगको विज्ञान प्रविधि क्षेत्र हेर्ने सदस्य र मन्त्रालयले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मनोनयन गरेको विज्ञ सदस्य सहितको तीन सदस्यीय सिफारिस समिति गठन गर्नेछ।

(३) उपदफा (२) बमोजिमको सिफारिस समितिले दफा ११ को उपदफा (१) को खण्ड (क) बमोजिमका प्राज्ञ सदस्य मध्येबाट उपाध्यक्षका लागि उपयुक्तताको आधारमा चार जना सदस्यको नाम सिफारिस गर्नेछ।

(४) उपदफा (३) बमोजिम सिफारिस भएका प्राज्ञ सदस्यमध्ये मन्त्रालयले वरिष्ठता निर्धारण गरी दुई जना उपाध्यक्ष नियुक्त गर्नेछ।

(५) सिफारिस सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(६) उपदफा (१) बमोजिम नियुक्त उपाध्यक्ष प्रज्ञा-प्रतिष्ठानको पूरा समय काम गर्ने पदाधिकारी हुनेछन्।

(७) उपदफा (१) बमोजिम नियुक्त वरिष्ठतम् उपाध्यक्षले दफा २७ बमोजिमको केन्द्रको र अर्को उपाध्यक्षले दफा ३० बमोजिमको केन्द्रको नेतृत्व गर्नेछ।

(८) उपाध्यक्षको पदावधि पाँच वर्षको हुनेछ र निज एक कार्यकालको लागि मात्र नियुक्त हुनेछ।

(९) कुनै एक उपाध्यक्षको अनुपस्थितिमा निजले गर्ने काम अर्को उपाध्यक्षले सम्पादन गर्न सक्नेछ।

तर कुनै कारणवश दुवै जना उपाध्यक्ष अनुपस्थित भएको अवस्थामा वरिष्ठतम् प्राज्ञ सदस्यलाई अध्यक्षले उपाध्यक्षको कामकाज गर्नेगरी तोक्न सक्नेछ।

(१०) उपाध्यक्षको पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्तहरू तोकिएबमोजिम हुनेछन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. **उपाध्यक्षको काम, कर्तव्य र अधिकार** : प्रज्ञा-प्रतिष्ठानका उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) अनुसन्धान संस्थान र सम्बन्धित केन्द्रको कार्यक्रम कार्यान्वयनको नेतृत्व गर्ने,

(ख) प्रज्ञा-प्रतिष्ठानको अनुसन्धानात्मक र नवप्रवर्तनात्मक कार्यको सञ्चालन, रेखदेख र समन्वय गर्ने,

(ग) प्रज्ञा-प्रतिष्ठानको अनुसन्धान र नवप्रवर्तनको वैज्ञानिक गुणस्तरको अभिवृद्धि गर्ने योजना तथा कार्यक्रम बनाउने,

(घ) वार्षिक बजेटको अधिकतम् दुई प्रतिशतसम्मको आकस्मिक खर्चको स्वीकृति दिनसक्ने र सोको अनुमोदनको लागि अध्यक्षमार्फत् कार्यकारी परिषद्मा पेस गर्नुपर्ने,

(ङ) प्राज्ञ सभाको सदस्य-सचिवको जिम्मेवारी वहन गर्ने उपाध्यक्षले प्राज्ञ सभाको निर्णयको अभिलेख गरी राख्ने र सो निर्णयको एक प्रति अध्यक्षसमक्ष पठाउने, र

(च) अध्यक्षबाट प्रत्यायोजित अधिकार र कार्य बमोजिमका कार्य सम्पादन गर्ने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२२. **अध्यक्ष र उपाध्यक्षको योग्यता** : (१) दफा १२ मा उल्लिखित योग्यताको अतिरिक्त अध्यक्ष र उपाध्यक्ष हुनका लागि देहायको योग्यता पुगेको हुनु पर्नेछ :-

(क) नेपाली नागरिक र नियुक्तिको बखत साठी वर्ष ननाघेको,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

(ग) कम्तीमा दश वर्षदेखि कुनै राजनीतिक दलको सदस्य नरहेको वा कुनै निर्वाचनमा उम्मेदवार नभएको,

(घ) वैज्ञानिक अनुसन्धान वा संस्थाको व्यवस्थापनमा कम्तीमा तीन वर्षको अनुभव भएको,

(ङ) अन्तर्राष्ट्रियस्तरको जर्नलमा कम्तीमा दशवटा शोधपत्र प्रकाशित गरेको,

(च) कम्तीमा दुई वटा प्रमुख अनुसन्धान परियोजनाको नेतृत्व गरेको,

(छ) विश्वविद्यालय वा अनुसन्धान संस्थानमा प्राध्यापक वा वरिष्ठ अनुसन्धानकर्ताको पदमा रही कम्तीमा चार जना विद्यावारिधि शोधार्थीको शोधकार्य सफलतापूर्वक सुपरीवेक्षण गरेको,

(ज) बौद्धिक चोरी वा अनुसन्धान नैतिकता विपरीतको कार्यमा सक्षम निकायबाट दोषी ठहर नभएको, र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) प्रज्ञा-प्रतिष्ठानसँग कुनै ठेक्का पट्टा, आर्थिक लाभ वा अन्य स्वार्थको द्वन्द्व नगाँसिएको।

(२) उपदफा (१) बमोजिमको योग्यता पुगेका व्यक्ति मध्येबाट अध्यक्ष वा उपाध्यक्ष छनौट गर्दा मान्यता प्राप्त राष्ट्रिय वा अन्तर्राष्ट्रिय वैज्ञानिक पुरस्कार वा सो सरहको मान्यता प्राप्त गरेको र बौद्धिक सम्पत्ति आफ्नो नाममा दर्ता गराएको व्यक्तिलाई प्राथमिकता दिइनेछ।

**२३. जिम्मेवारी तोक्नसक्ने** : अध्यक्षको पद रिक्त भई प्रज्ञा-प्रतिष्ठानको कार्य सञ्चालनमा बाधा पर्ने भएमा सभापतिले बढीमा तीन महिनाका लागि वरिष्ठतम् उपाध्यक्षलाई अध्यक्षको रूपमा काम गर्नेगरी तोक्न सक्नेछ।

**२४. पद रिक्त राख्न नहुने** : यस अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रज्ञा-प्रतिष्ठानको अध्यक्ष वा उपाध्यक्षको पद तीन महिनाभन्दा बढी अवधि रिक्त राख्न पाइनेछैन।

**२५. पदमुक्त हुने** : (१) प्रज्ञा-प्रतिष्ठानको पदाधिकारी देहायका अवस्थामा पदमुक्त हुनेछ :-

(क) पदावधि समाप्त भएमा,

(ख) सभापतिसमक्ष राजीनामा दिएमा,

(ग) मृत्यु भएमा,

(घ) प्रचलित कानूनबमोजिम अयोग्य ठहरिएमा, वा

(ङ) प्रज्ञा-प्रतिष्ठानको हित विपरीतका कार्यमा संलग्न भएको प्रमाणित भएमा।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) को खण्ड (ङ) बमोजिम पदमुक्त गर्दा निजलाई सफाइको मौका दिनु पर्नेछ।

२६. **पदबाट हटाउन सकिने** : (१) प्राज्ञ सभाका कुल सदस्य सङ्ख्याको कम्तीमा एक तिहाइ सदस्यले देहायको कुनै आधारमा अध्यक्ष वा उपाध्यक्षलाई पदबाट हटाउन सभापतिसमक्ष लिखित निवेदन दिन सक्नेछन् :-

(क) भ्रष्टाचार वा सार्वजनिक स्रोतको दुरूपयोग गरेको,

(ख) अनुसन्धान नैतिकता र आचारसंहिताको उल्लङ्घन गरेको,

(ग) स्वार्थको द्वन्द्व रहेको,

(घ) शारीरिक वा मानसिक रूपमा काम गर्न असमर्थ भएको, वा

(ङ) पद अनुकूलको कर्तव्य पूरा नगरेको।

(२) उपदफा (१) बमोजिमको आधार खुलाई प्राज्ञ सभामा तत्काल रहेका एकतिहाइ सदस्यले अध्यक्ष वा उपाध्यक्षलाई पदबाट हटाउन सभापतिसमक्ष लिखित निवेदन दिएमा सभापतिले दफा ११ को उपदफा (१) को खण्ड (क), (घ) वा (ङ) बमोजिमको कुनै सदस्यको अध्यक्षतामा मन्त्रालयको सचिव र प्राज्ञ सभाको एक सदस्य रहेको तीन सदस्यीय छानबिन समिति गठन गर्नेछ।

(३) उपदफा (२) बमोजिमको छानबिन समितिको सिफारिसमा सभापतिले छानबिन अवधिभर बढीमा तीन महिनासम्म निजलाई निलम्बन गर्न सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपदफा (२) बमोजिमको छानबिन समितिले छानबिनको क्रममा प्रचलित कानूनबमोजिम कसुर मानिने कुनै काम भएको देखिएमा कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

(५) उपदफा (२) बमोजिमको छानबिन समितिले सो सम्बन्धमा आवश्यक छानबिन गरी एक्काइस दिनभित्र आफ्नो प्रतिवेदन सभापतिसमक्ष पेस गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि सभापतिले सो प्रतिवेदन प्राज्ञ सभासमक्ष पेस गर्नेछ।

(७) उपदफा (६) बमोजिम पेस भएको प्रतिवेदनमा दोषी देखिएमा प्राज्ञ सभाले त्यस्तो सदस्यलाई पदबाट हटाउनेछ।

तर त्यसरी हटाउनुअघि निजलाई सफाइ पेस गर्ने मनासिब मौका प्रदान गरिनेछ।

(८) अध्यक्ष वा उपाध्यक्ष बाहेक प्रज्ञा-प्रतिष्ठानका प्राज्ञ तथा प्रविधि-प्रवीण सदस्य उपर कुनै आरोप लागेमा त्यसबारे छानबिन गर्दा र पदबाट हटाउँदा अपनाउनु पर्ने अन्य प्रक्रिया प्राज्ञ सभाले निर्धारण गरे बमोजिम हुनेछ।

(९) यस दफाबमोजिम कुनै पदाधिकारीलाई निलम्बन गरी छानबिन सुरु भएमा तीन महिनाभित्र निर्णय गरिसक्नु पर्नेछ।

(१०) उपदफा (९) बमोजिम निलम्बित पदाधिकारीले निलम्बन अवधिभर आधा पारिश्रमिक पाउनेछ।

(११) उपदफा (७) बमोजिमको पदाधिकारीले गर्ने दैनिक काम सम्पादन गर्नका लागि सभापतिले दफा ११ को



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

उपदफा (१) को खण्ड (क) बमोजिमको प्राज्ञ सभा सदस्यलाई जिम्मेवारी तोक्न सक्नेछ।

## परिच्छेद-७

## ब्रेन गेन तथा आधारभूत वैज्ञानिक अनुसन्धान केन्द्रको स्थापना

२७. **ब्रेन गेन तथा आधारभूत वैज्ञानिक अनुसन्धान केन्द्रको स्थापना** : (१) प्रज्ञा-प्रतिष्ठानमा ब्रेन गेन तथा आधारभूत वैज्ञानिक अनुसन्धान केन्द्र रहनेछ।

(२) उपदफा (१) बमोजिमको केन्द्रमा देहाय बमोजिमका इकाई रहनेछन् :-

(क) ब्रेन गेन इकाई, र

(ख) आधारभूत विज्ञान अनुसन्धान तथा विकास इकाई।

(३) उपदफा (१) बमोजिमको केन्द्रको सङ्गठनात्मक संरचना, जनशक्ति तथा पद तोकिएबमोजिम हुनेछ।

(४) उपदफा (१) बमोजिमको केन्द्रका लागि आवश्यक भौतिक पूर्वाधार तथा उपकरण प्रज्ञा-प्रतिष्ठानले उपलब्ध गराउनेछ।

२८. **ब्रेन गेन इकाईको काम, कर्तव्य तथा अधिकार** : (१) ब्रेन गेन इकाईको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछ :-

(क) स्वदेश तथा विदेशमा रहेका नेपाली, नेपाली मूलका विदेशी तथा विदेशी वैज्ञानिक, प्राविधिक, अनुसन्धानकर्ता, नवप्रवर्तक तथा विशेषज्ञको ज्ञान, सीप, अनुभव, प्रविधि तथा विशेषज्ञतालाई राष्ट्रिय हितमा प्रत्यक्ष वा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अप्रत्यक्ष रूपमा आकर्षित गर्ने, त्यस्तो ज्ञान, सीप, अनुभव प्रविधि तथा विशेषज्ञताको परिचालन तथा आदान-प्रदान गर्ने,

(ख) खण्ड (क) बमोजिम परिचालन र आदान-प्रदान गर्दा त्यस्ता वैज्ञानिक, प्राविधिक, अनुसन्धानकर्ता, नवप्रवर्तक तथा विशेषज्ञलाई अनुसन्धान र नवप्रवर्तनको काममा लगाउने,

(ग) अनुसन्धान गरी फर्किने वा आमन्त्रित विज्ञका व्यक्तिगत अनुसन्धान उपकरणको भन्सार सहजीकरण गर्ने र तोकिए बमोजिमका सुविधा उपलब्ध गराउने,

(घ) राष्ट्रिय प्राथमिकताका क्षेत्रमा प्रतिभा परिचालन तथा ज्ञान र प्रविधि हस्तान्तरणका लागि ब्रेन गेन कार्यक्रम, फेलोसिप तथा अन्य उपयुक्त कार्यक्रम सञ्चालन गर्ने,

(ङ) प्रज्ञा-प्रतिष्ठानको नीति, योजना तथा कार्यक्रमसँग समन्वय गरी कार्य गर्ने,

(च) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विश्वविद्यालय, अनुसन्धान संस्था, उद्योग, निजी क्षेत्र तथा सम्बन्धित अन्य निकायसँग प्रतिभा, ज्ञान, सीप, प्रविधि तथा विशेषज्ञताको आदानप्रदान तथा सहकार्य गर्ने,

(छ) ब्रेन गेन सम्बन्धी कार्यको अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन गर्ने, र

(ज) तोकिए बमोजिमका अन्य कार्य गर्ने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) को खण्ड (ख) बमोजिम काममा लगाईएका वैज्ञानिक, प्राविधिक, अनुसन्धानकर्ता, नवप्रवर्तक तथा विशेषज्ञलाई मन्त्रालयले नेपाल सरकारको अर्थ मन्त्रालयको सहमति लिई पारिश्रमिक उपलब्ध गराउनु पर्नेछ।

२९. **<u>आधारभूत विज्ञान अनुसन्धान तथा विकास इकाईको काम, कर्तव्य तथा अधिकार</u>** : (१) आधारभूत विज्ञान अनुसन्धान तथा विकास इकाईको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विज्ञान तथा प्रविधिका क्षेत्रमा नयाँ वैज्ञानिक ज्ञान, सिद्धान्त, विधि तथा प्रमाणको सृजना, विकास तथा परीक्षण गर्ने तथा त्यस्तो ज्ञानलाई भविष्यमा व्यावहारिक प्रविधि तथा नवप्रवर्तनमा रूपान्तरण गर्न आवश्यक वैज्ञानिक आधार तयार गर्ने,

(ख) वैज्ञानिक स्वतन्त्रता, सत्यनिष्ठा, उत्कृष्टता तथा दीर्घकालीन उपयोगितालाई आधार मानी उच्चस्तरीय आधारभूत वैज्ञानिक अनुसन्धान तथा विकास, कार्यक्रम सञ्चालन गर्ने,

(ग) प्रज्ञा-प्रतिष्ठानको नीति, रणनीति तथा अनुसन्धान प्राथमिकता अनुरूप अनुसन्धान तथा विकासका कार्यक्रम सञ्चालन गर्ने,

(घ) खण्ड (ख) र (ग) बमोजिम कार्यक्रम सञ्चालन गर्दा काममा लगाइएका वैज्ञानिक, प्राविधिक, अनुसन्धानकर्ता, नवप्रवर्तक तथा विशेषज्ञलाई मन्त्रालयले नेपाल सरकारको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अर्थ मन्त्रालयको सहमति लिई पारिश्रमिक उपलब्ध गराउने,

(ङ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अनुसन्धान संस्था, विश्वविद्यालय, उद्योग तथा निजी क्षेत्रसँग अनुसन्धान, विकास, ज्ञान तथा प्रविधिको आदानप्रदान तथा सहकार्य गर्ने,

(च) आधारभूत विज्ञान तथा सम्बन्धित क्षेत्रमा अनुसन्धान, आविष्कार तथा प्रवर्धन गर्ने, र

(छ) अनुसन्धानबाट प्राप्त ज्ञान, प्रविधि तथा उपलब्धिलाई उपयुक्त क्षेत्रमा हस्तान्तरण तथा उपयोगका लागि सहजीकरण गर्ने।

(२) अनुसन्धान तथा विकास सम्बन्धी कार्यक्रम, कार्यनीति, सहकार्य, अनुगमन, मूल्याङ्कन तथा पुनरावलोकन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

## परिच्छेद-८

## व्यावहारिक विज्ञान अनुसन्धान तथा नवप्रवर्तन केन्द्रको स्थापना

३०. **व्यावहारिक विज्ञान अनुसन्धान तथा नवप्रवर्तन केन्द्रको स्थापना** : (१) वैज्ञानिक ज्ञान, अनुसन्धान परिणाम, सृजनात्मक विचार तथा प्रविधिलाई प्रयोगयोग्य नवप्रवर्तन, प्रविधि, उत्पादन तथा सेवामा रूपान्तरण गर्न प्रज्ञा-प्रतिष्ठानमा एक **व्यावहारिक विज्ञान अनुसन्धान तथा नवप्रवर्तन केन्द्र** स्थापना गरिनेछ।

(२) उपदफा (१) बमोजिमको केन्द्रको सङ्गठनात्मक संरचना, जनशक्ति, पद तथा भौतिक पूर्वाधार तोकिएबमोजिम हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (१) बमोजिमको केन्द्रमा देहाय बमोजिमका इकाई रहनेछन् :-

(क) स्थानीयस्तर (ग्रासरुट) को नवप्रवर्तन इकाई,

(ख) अनुसन्धान तथा विकास, प्रविधि अनुकूलन र नवप्रवर्तन इकाई,

(ग) राष्ट्रिय प्राथमिकताका नवप्रवर्तन इकाई, र

(घ) तोकिए बमोजिमका अन्य इकाई।

(४) उपदफा (३) बमोजिमका इकाईको सङ्गठनात्मक ढाँचा, काम र कर्तव्य तोकिएबमोजिम हुनेछ।

३१. **<u>व्यावहारिक विज्ञान अनुसन्धान तथा नवप्रवर्तन केन्द्रको काम, कर्तव्य तथा अधिकार</u> :** दफा ३० बमोजिमको केन्द्रको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछ :-

(क) विज्ञान, प्रविधि तथा नवप्रवर्तनका क्षेत्रमा प्राप्त ज्ञान, अनुसन्धान परिणाम, सृजनात्मक विचार तथा सम्भावनायुक्त अवधारणाको परीक्षण, विकास, नमूना तथा प्रोटोटाइप निर्माण गरी उपयोगी प्रविधि, उत्पादन वा सेवामा रूपान्तरण गर्ने,

(ख) अनुसन्धानबाट प्राप्त ज्ञान, प्रविधि तथा नमूनालाई प्रयोगयोग्य प्रविधिमा रूपान्तरण गर्न आवश्यक प्राविधिक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विकास, इन्जिनियरिङ, अनुकूलन तथा स्थानीयकरण सम्बन्धी कार्य गर्ने,

(ग) विद्यमान वा आयातित प्रविधिको राष्ट्रिय आवश्यकता, स्रोतसाधन, वातावरणीय अवस्था तथा स्थानीय परिस्थितिअनुकूलता परीक्षण गरी आवश्यक सुधार, अनुकूलन तथा स्थानीयकरण गर्ने,

(घ) विकसित, अनुकूलित वा स्थानीयकरण गरिएको प्रविधिको प्रयोगात्मक परीक्षण गरी कार्यसम्पादन, विश्वसनीयता, सुरक्षा, लागत तथा उपयोगिताको मूल्याङ्कन, प्रमाणीकरण र आवश्यक सुधार तथा परिमार्जन गर्ने,

(ङ) प्रविधि तथा नवप्रवर्तनको विकास, परीक्षण, मूल्याङ्कन तथा प्रमाणीकरण गर्ने,

(च) प्रविधि तथा नवप्रवर्तनको विकास, हस्तान्तरण, विस्तार तथा प्रयोगात्मक कार्यान्वयनका लागि सहजीकरण गर्ने,

(छ) प्रविधि विकास, अनुकूलन तथा परीक्षणका क्रममा प्राप्त प्राविधिक तथ्य, परीक्षण परिणाम, अनुभव तथा सिकाइको अभिलेखीकरण गरी आगामी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसन्धान तथा प्रविधि विकासमा उपयोग गर्ने,

(ज) अनुसन्धान, प्रविधि विकास तथा नवप्रवर्तनको लागि स्वदेश तथा विदेशका विश्वविद्यालय, अनुसन्धान संस्था, उद्योग, निजी क्षेत्र, लगानीकर्ता, स्टार्टअप, नवप्रवर्तकसँग सञ्जाल निर्माण र सहकार्य गर्ने, र

(झ) तोकिए बमोजिमका अन्य कार्य गर्ने।

## परिच्छेद-९

## कोषको स्थापना तथा सञ्चालन

३२. **कोषको स्थापना तथा सञ्चालन** : (१) प्रज्ञा-प्रतिष्ठानको आफ्नो छुट्टै कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहनेछन् : -

(क) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट प्राप्त रकम,

(ख) प्रज्ञा-प्रतिष्ठानको लागि दान, दातव्य र आर्थिक सहायता स्वरूप प्राप्त रकम,

(ग) प्रज्ञा-प्रतिष्ठानले सेवा दिए बापतको आम्दानी, बौद्धिक सम्पत्ति, लगानी तथा अन्य कुनै स्रोतबाट प्राप्त रकम,

(घ) अन्तर्राष्ट्रिय सङ्घसंस्था र विकास साझेदारबाट प्राप्त रकम, र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) प्रचलित कानूनबमोजिम स्थापना भएको विज्ञान, प्रविधि, अनुसन्धान तथा नवप्रवर्तन कोषबाट अनुसन्धान तथा विकास र नवप्रवर्तनका लागि प्रस्ताव पेस गरी सोबमोजिम प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (घ) बमोजिम रकम प्राप्त गर्दा नेपाल सरकारको अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

(४) प्रज्ञा-प्रतिष्ठानको कोषको रकम प्रचलित कानूनबमोजिम "क" वर्गको इजाजत प्राप्त कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ।

(५) कोषको रकम आर्थिक वर्षको अन्त्यमा फ्रिज हुनेछैन।

(६) कोष र खाताको सञ्चालन तोकिएबमोजिम हुनेछ।

(७) कोषको पचहत्तर प्रतिशत रकम विज्ञान प्रविधि तथा नवप्रवर्तनसँग सम्बन्धित अध्ययन अनुसन्धान र विकासका कार्यमा प्रयोग गर्नु पर्नेछ।

(८) प्रज्ञा प्रतिष्ठानको कुनै अनुसन्धानकर्ताले विदेशी सरकार, द्विपक्षीय वा बहुपक्षीय निकायबाट अनुदान वा सहयोग लिएकोमा त्यस्तो अनुदान लिएको मितिले छ महिनाभित्र मन्त्रालयलाई जानकारी गराउनु पर्नेछ।

(९) स्रोत नखुलेको वा प्रज्ञा-प्रतिष्ठानको स्वायत्तता, वैज्ञानिक निष्कर्ष वा राष्ट्रिय हितमा प्रतिकूल असर पर्ने शर्त जोडिएको दान, अनुदान वा सहयोग स्वीकार गर्न पाइनेछैन।

**३३. <u>लेखा र लेखापरीक्षण</u>** : (१) प्रज्ञा-प्रतिष्ठानको आय-व्ययको लेखा प्रचलित कानूनबमोजिम राख्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्न प्रज्ञा-प्रतिष्ठानमा छुट्टै आन्तरिक लेखापरीक्षण इकाई रहनेछ।

(३) प्रज्ञा-प्रतिष्ठानमा कार्यकारी पद नभएको प्राज्ञ सदस्यको संयोजकत्वमा एक लेखापरीक्षण समिति रहनेछ।

(४) आन्तरिक लेखापरीक्षण इकाईले सो समितिलाई प्रतिवेदन दिनेछ।

(५) प्रज्ञा-प्रतिष्ठानको रकम दुरुपयोग गरेको ठहरिएमा सरकारी बाँकी सरह असुल गरिनेछ।

(६) प्रज्ञा-प्रतिष्ठानको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

(७) लेखापरीक्षणबाट औंल्याइएका बेरुजु फछ्र्यौटका लागि कार्ययोजना बनाई लागू गर्नु पर्नेछ।

## परिच्छेद-१०

## विविध

३४. **वैज्ञानिक तथा कर्मचारी नियुक्ति** : (१) प्रज्ञा-प्रतिष्ठानले आवश्यकताअनुसार वैज्ञानिक, प्राविधिक, प्रशासनिक तथा अन्य पदमा नियुक्ति गर्नेछ।

(२) प्रज्ञा-प्रतिष्ठानको कूल सङ्ख्याको एक चौथाईभन्दा बढी प्रशासनिक कर्मचारी हुनेछैन।

(३) नेपाल सरकारले स्वीकृत दरबन्दी अनुरूप प्रज्ञा-प्रतिष्ठानको वैज्ञानिक, प्राविधिक, अप्राविधिक तथा अन्य पदको व्यवस्था गर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) वैज्ञानिक पदको पदपूर्ति खुला प्रतिस्पर्धाद्वारा समकक्षी विज्ञसहितको पदपूर्ति समितिको सिफारिसमा कार्यकारी परिषद्ले गर्नेछ।

(५) परियोजनाका आधारमा नियुक्त हुने वैज्ञानिकको प्रारम्भिक नियुक्ति एक वर्षको परीक्षणकालसहित पाँच वर्षको अवधिका लागि हुनेछ।

(६) उपदफा (४) बमोजिम नियुक्त वैज्ञानिकको प्रारम्भिक नियुक्तिको अवधि समाप्त हुनुअघि स्वतन्त्र समकक्षी समीक्षा सहित गरिएको कार्यसम्पादन मूल्याङ्कन तथा परियोजनाका आधारमा कार्यकाल थप गर्न सकिनेछ।

(७) परियोजनाअनुसार वैज्ञानिकको प्रारम्भिक नियुक्ति एक वर्षको परीक्षण अवधिसहित पाँच वर्षको हुनेछ। स्वतन्त्र समकक्षी समीक्षासहितको कार्यसम्पादन मूल्याङ्कनका आधारमा तोकिएबमोजिम स्थायी (टेन्योर) नियुक्ति दिइनेछ।

(८) वैज्ञानिक तथा प्राविधिक कर्मचारीको नियुक्ति, कार्यकाल तथा अवकाशसम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ।

(९) वैज्ञानिक तथा कर्मचारीको पदपूर्ति र पदपूर्ति समितिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

३५. **विज्ञान, प्रविधि तथा नवप्रवर्तन केन्द्रसँगको सम्बन्ध** : (१) प्रज्ञा-प्रतिष्ठानले विज्ञान, प्रविधि तथा नवप्रवर्तन सम्बन्धी प्रचलित कानूनबमोजिम स्थापना भएको विज्ञान, प्रविधि तथा नवप्रवर्तन केन्द्रसँग समन्वय र सहकार्य गर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) विज्ञान, प्रविधि तथा नवप्रवर्तनसँग सम्बन्धित अध्ययन अनुसन्धानका लागि प्रज्ञा-प्रतिष्ठानले प्रस्ताव गरेबमोजिम प्रचलित कानूनबमोजिम स्थापना भएको विज्ञान, प्रविधि तथा नवप्रवर्तन केन्द्रले स्रोतको उपलब्धता र औचित्यका आधारमा अनुदान उपलब्ध गराउनेछ।

(३) प्रज्ञा-प्रतिष्ठानले उच्चस्तरीय वैज्ञानिक अनुसन्धान, अत्याधुनिक भविष्योन्मुख (फ्रन्टियर) प्रविधि विकास, वैज्ञानिक परामर्श र प्राज्ञ प्रणालीको नेतृत्व गर्नेछ।

(४) राष्ट्रिय अनुसन्धान प्राथमिकता निर्धारण, अनुदान वितरण तथा अनुसन्धान संस्थाबीच दोहोरोपन नहुने गरी मन्त्रालयले कार्य विभाजन गर्नेछ।

३६. **प्रज्ञा-प्रतिष्ठानको विशेष भूमिका** : (१) प्रज्ञा-प्रतिष्ठानले अन्तर्राष्ट्रिय मञ्चमा नेपालको वैज्ञानिक प्रतिनिधित्व गर्ने, अन्तर्राष्ट्रिय प्राज्ञिक संस्था वा वैज्ञानिक सम्मेलनमा सहभागी हुने, संयुक्त अनुसन्धान सञ्चालन गर्ने, विश्वप्रसिद्ध वैज्ञानिकलाई आतिथ्य गर्ने, वैज्ञानिक आदान-प्रदान कार्यक्रम सञ्चालन गर्ने, अन्तर्राष्ट्रिय आवश्यकता र औचित्यका आधारमा वैज्ञानिक अभियानमा सहभागी हुनेछ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्दा अपनाउनुपर्ने गोपनीयता, सुरक्षा र नैतिक मापदण्ड तोकिएबमोजिम हुनेछ।

३७. **नेपाल सरकारसँग सम्पर्क** : प्रज्ञा-प्रतिष्ठानले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालयमार्फत् राख्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३८. **निर्देशन दिनसक्ने** : (१) यस अध्यादेशको उद्देश्य पूर्तिका लागि मन्त्रालयले प्रज्ञा-प्रतिष्ठानलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिएको निर्देशन पालना गर्नु प्रज्ञा-प्रतिष्ठानको कर्तव्य हुनेछ।

(३) प्रज्ञा-प्रतिष्ठानले उपदफा (१) बमोजिमको निर्देशन पालना नगरेमा मन्त्रालयले दिने अनुदान रकम कट्टा गर्न सक्नेछ।

३९. **प्रयोगशाला तथा पूर्वाधारको उपयोग** : (१) प्रज्ञा प्रतिष्ठानका प्रयोगशाला तथा अनुसन्धान पूर्वाधार सार्वजनिक हितको लागि गरिने अनुसन्धानका लागि कुनै व्यक्ति, समूह वा संस्थाले निःशुल्क रूपमा प्रयोग गर्न सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि अनुसन्धान तथा नवप्रवर्तनसँग सम्बन्धित अनुसन्धान निकाय वा संस्थाको सिफारिस माग गर्न सक्नेछ।

(३) प्रज्ञा-प्रतिष्ठान बाहेकको बाह्य व्यक्ति, समूह वा संस्थाले प्रज्ञा-प्रतिष्ठानका प्रयोगशाला उपयोग गर्दा प्रज्ञा प्रतिष्ठानका सम्बन्धित वैज्ञानिक वा इन्जिनियरको सुपरीवेक्षणमा गर्नु पर्नेछ।

४०. **कार्यसम्पादन समीक्षा** : प्रज्ञा-प्रतिष्ठानले प्रत्येक वर्ष स्वतन्त्र वैज्ञानिक तथा संस्थागत कार्यसम्पादन समीक्षा बाह्य विज्ञको टोलीद्वारा गराउनेछ र त्यस्तो प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ।

४१. **प्रज्ञा-प्रतिष्ठानलाई छुट र सुविधा** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रज्ञा-प्रतिष्ठानको रजिष्ट्रेशन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्नुपर्ने जुनसुकै लिखत रजिष्ट्रेशन गर्नु परेमा रजिष्ट्रेशन दस्तुर लाग्नेछैन।

(२) प्रज्ञा-प्रतिष्ठानले प्राप्त गरेको दान, दातव्य, अनुदान तथा अनुसन्धान वा शैक्षिक प्रयोजनका गैर-व्यावसायिक आयमा आयकर लाग्नेछैन।

(३) रोयल्टी, इजाजत शुल्क, प्रविधि बिक्री तथा लगानीबाट प्राप्त आयमा प्रचलित कानूनबमोजिम कर लाग्नेछ।

तर तोकिएबमोजिम अनुसन्धानमा पुनः लगानी गरिएको आयमा तोकिए बमोजिमको सुविधा पाइनेछ।

(४) प्रज्ञा-प्रतिष्ठानले प्रदान गर्ने अनुसन्धान वा नवप्रवर्तन वृत्ति वा पुरस्कारमा प्रचलित कानूनबमोजिम आयकर छुट हुनेछ।

(५) प्रज्ञा-प्रतिष्ठानले अनुसन्धान, विकास र नवप्रवर्तनको लागि आयात गर्ने सवारी साधन, वैज्ञानिक उपकरण तथा अनुसन्धान सामग्रीमा नेपाल सरकारका निकाय सरह भन्सार र अन्य कर छुट हुनेछ।

(६) भन्सार तथा कर छुटमा खरिद गरिएको सवारी साधन वा उपकरण पाँच वर्षभित्र बिक्री गरेमा वा अन्य प्रयोजनमा प्रयोग गरेमा छुट पाएको कर तथा भन्सार महसुल असुल गरिनेछ।

४२. **<u>बौद्धिक सम्पत्ति बाँडफाँट</u>** : प्रज्ञा-प्रतिष्ठानको पूर्ण वा आंशिक स्रोतबाट सम्पन्न अनुसन्धानबाट सृजित बौद्धिक सम्पत्तिको पूर्ण स्वामित्व, प्रयोग र लाभ प्रचलित बौद्धिक सम्पत्ति सम्बन्धी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कानूनअनुसार अनुसन्धान गर्ने संस्था, समूह वा व्यक्तिको हुनेछ।

तर प्रज्ञा-प्रतिष्ठान आफैंले गरे वा गराएको अनुसन्धानबाट सृजित बौद्धिक सम्पत्तिको सत्तरी प्रतिशत स्वामित्व, प्रयोग र लाभ प्रज्ञा-प्रतिष्ठानमा नै हुनेछ।

४३. **अनुसन्धान नैतिकताको पालना** : अनुसन्धानकर्ताले मानव स्वास्थ्य, जैविक स्रोत तथा नमूना, व्यक्तिगत तथ्याङ्क वा अन्य संवेदनशील विषयसँग सम्बन्धित अनुसन्धान गर्दा सम्बन्धित निकायबाट प्रचलित कानूनबमोजिम नैतिकता पालना गर्नु पर्नेछ।

४४. **अन्तर सरकार समन्वय र समावेशीकरण** : (१) प्रज्ञा-प्रतिष्ठानले प्रदेश तथा स्थानीय तहका विज्ञान, प्रविधि तथा नवप्रवर्तन सम्बन्धी निकायसँग समन्वय गर्न प्रत्येक प्रदेशमा आवश्यकता पुष्टि हुनेगरी सम्पर्क बिन्दु (कार्यालय) स्थापना गर्न सक्नेछ।

(२) प्रज्ञा-प्रतिष्ठानको सदस्य, नियुक्ति र अनुदानमा महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, पिछडिएको क्षेत्र र समुदायको समावेशी प्रतिनिधित्वलाई ध्यान दिइनेछ।

४५. **सदाचार तथा आचारसंहिता** : (१) प्रज्ञा-प्रतिष्ठानका पदाधिकारी, प्राज्ञ र कार्यकारी परिषद्का सदस्यले स्वार्थको द्वन्द्व घोषणा गर्नु पर्नेछ।

(२) प्रज्ञा-प्रतिष्ठानका पदाधिकारी तथा प्राज्ञ सभा र कार्यकारी परिषद्का सदस्यले सम्पत्ति विवरण प्रचलित कानूनबमोजिम पेस गर्नु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) प्राज्ञहरूको आचारसंहिता तोकिएबमोजिम हुनेछ।

४६. **स्वीकृति लिनुपर्ने** : यस अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विषयमा प्रज्ञा-प्रतिष्ठानले मन्त्रालय र अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ :-

(क) दरबन्दी सिर्जना,

(ख) पारिश्रमिक, भत्ता तथा अन्य सुविधाको निर्धारण वा वृद्धि,

(ग) अवकाश सुविधा,

(घ) सेवा शर्त,

(ङ) ऋण वा जमानी, वा

(च) सरकारी अनुदानमा वृद्धि हुने गरी गरिने प्रतिबद्धता।

४७. **असल नियतले काम गरेकोमा बचाउ** : यस अध्यादेश बमोजिम असल नियतले गरेको कुनै कामको सम्बन्धमा प्रज्ञा-प्रतिष्ठान वा प्रज्ञा-प्रतिष्ठानको कुनै पदाधिकारीउपर मुद्दा चलाउने वा अन्य कुनै कानूनी कारबाही गरिने छैन।

तर यस दफाको कुनै कुराले भ्रष्टाचार निवारण सम्बन्धी प्रचलित कानून, लेखापरीक्षण वा सार्वजनिक रकमको दुरुपयोग सम्बन्धी दायित्वलाई असर गर्नेछैन।

४८. **अधिकार प्रत्यायोजन** : (१) प्राज्ञ सभाले यो अध्यादेश वा यस अध्यादेशअन्तर्गत बनेको नियमबमोजिम आफूलाई प्राप्त अधिकारमध्ये नीति तथा बजेट स्वीकृति, पदाधिकारीको नियुक्ति



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

वा पदमुक्ति सम्बन्धी अधिकार, नियम वा विनियम स्वीकृति र कार्यकारी परिषद्का सदस्यको चयन बाहेकका अधिकार कार्यकारी परिषद् वा अध्यक्षलाई लिखित रूपमा प्रत्यायोजन गर्न सक्नेछ र त्यस्तो प्रत्यायोजनको अभिलेख राखिनेछ।

(२) अध्यक्षले यो अध्यादेश वा यस अध्यादेश अन्तर्गत बनेको नियमबमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार प्रज्ञा-प्रतिष्ठानको उपाध्यक्षलाई प्रत्यायोजन गर्न सक्नेछ।

(३) कार्यकारी परिषद्ले यो अध्यादेश वा यस अध्यादेशअन्तर्गत बनेको नियमबमोजिम आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार प्रज्ञा-प्रतिष्ठानका कुनै पदाधिकारी वा प्रज्ञा-प्रतिष्ठानको कुनै समितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

४९. **वार्षिक प्रतिवेदन** : अध्यक्षले प्रज्ञा-प्रतिष्ठानको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र मन्त्रालयमार्फत नेपाल सरकारमा पेस गरी सार्वजनिक गर्नु पर्नेछ।

५०. **नियम बनाउने अधिकार** : यो अध्यादेशको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

५१. **विनियम बनाउनसक्ने** : प्रज्ञा-प्रतिष्ठानले आन्तरिक व्यवस्थापन, वैज्ञानिक, प्राविधिक र कर्मचारी प्रशासन तथा आर्थिक प्रशासन सम्बन्धी विनियम बनाउन सक्नेछ।

तर वैज्ञानिक, प्राविधिक तथा कर्मचारीको सेवा, शर्त, पारिश्रमिक वा आर्थिक दायित्वसँग सम्बन्धित विनियम बनाउँदा नेपाल सरकारको अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५२. **बाधा अड्काउ फुकाउने अधिकार** : यो अध्यादेश कार्यान्वयन गर्दा कुनै बाधा वा अवरोध परेमा नेपाल सरकारले बाधा अड्काउ फुकाउनका लागि नेपाल राजपत्रमा सूचना प्रकाशन गरी आवश्यक आदेश जारी गर्न सक्नेछ।

५३. **संक्रमणकालीन व्यवस्था** : यस अध्यादेश बमोजिम प्राज्ञ सभाको गठन, अध्यक्ष र उपाध्यक्षको नियुक्ति नभएसम्म प्रज्ञा-प्रतिष्ठानको काम कारबाही गर्न बढीमा तीन महिनासम्मको लागि मन्त्रालयले पाँच सदस्यीय अन्तरिम व्यवस्थापन समिति गठन गर्नेछ।

५४. **खारेजी र बचाउ** : (१) नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठान ऐन, २०४८ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम खारेज भएको ऐनबमोजिम स्थापित प्रज्ञा-प्रतिष्ठानको सम्पूर्ण सम्पत्ति, अधिकार, दायित्व, सम्झौता तथा विचाराधीन कामकारबाही यस अध्यादेशबमोजिम स्थापित प्रज्ञा-प्रतिष्ठानमा सर्नेछ।

(३) उपदफा (१) बमोजिम खारेज भएको ऐन अन्तर्गत बनेका नियम, विनियम यस अध्यादेशबमोजिम नयाँ नियम, विनियम नबनेसम्म यस अध्यादेशसँग नबाझिएको हदसम्म लागु रहनेछ।

(४) यो अध्यादेश प्रारम्भ हुँदाका बखत कार्यरत वैज्ञानिक, प्राविधिक तथा कर्मचारी र निजको सेवा, शर्त र सुविधा यस अध्यादेशबमोजिम नयाँ व्यवस्था नतोकिएसम्म यथावत् रहनेछ र निजको आर्जित सेवा अवधि, बिदा तथा अवकाश सुविधा सुरक्षित रहनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) यो अध्यादेश प्रारम्भ हुँदाका बखत कायम रहेका प्राज्ञ सदस्यलाई स्वतः प्राज्ञ सदस्य मानिनेछ।

(६) यो अध्यादेश प्रारम्भ भएको छ महिनाभित्र प्राज्ञ सभाको पहिलो निर्वाचन तथा अध्यक्ष र उपाध्यक्षको नियुक्ति सम्पन्न गर्नु पर्नेछ।

प्रमाणीकरण मिति : २०८३।०६।३०

**आज्ञाले,**
**पाराश्वर ढुङ्गाना**
**नेपाल सरकारको सचिव।**



**मुद्रण बिभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू.३५।–**
**गो.हु.द.नं. १६।२०६२।६३**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।